बाली बिरुवामा लाग्ने मुख्य मुख्य रोग, लक्षाण , र तिनको रोकथामको उपायहरु :

| क्र.सं. | बाली | रोगको नाम | लक्षण | रोकथामको उपायहरु | |
|---|---|---|---|---|---|
| १ | | | | | |
| १ | धान Paddy | ब्लाष्ट रोग (blast) | पातमा स-साना सेता लाम्चा बिचमा टिका भएका खैरा थोप्ला देखा पर्छ । बाला मुन्तीर र आँख्लामा खैरो रग भएको दाग देखिन्छ । | खेत सफा राख्ने । नाइट्रोजन मल सिफारिस मात्रामा लगाउने । ब्याड राख्ने बेलामा बेभिष्टीन वा डेरोसाल बिषादी २-३ ग्राम प्रति के.जी. बीउ उपचार गरेर राख्ने । खेतमा पानी जमाई राख्ने । Tricyclazole 75% wp 0.75 ग्राम प्रति लिटर पानीमा मिसाइ छर्ने । बजारमा यो बिषादी (baan,logik,Trip,Trikaal) नाममा पाईन्छ । वा kasugamycin १-२ मि.लि.प्रति लिटर पानीमा मिसाइ छर्ने । बजारमा यो बिषादी (kadu-b,kimycin) नाममा पाईन्छ। यो कार्य १५ दिनको फरकमा २-३ पटक सम्म दोहोर्‍याउने । | |
| २ | | ब्याक्टेरियल लिफ ब्लाइट (Bacterial leaf blight) | पातको किनाराबाट लामो पहेंला वा खैरा रङ्गका धर्साहरू देखिन्छन्, पात टुप्पोबाट सुकेर मर्दछ । | - सिफारिस अनुसार रासायनिक मल हाल्ने ।<br>- रोग लागेको खेतमा केही दिन पानी सुकाई दिने ।<br>- एग्रिमाइसिन-१०० नामको बिषादीले ब्याड राख्ने बेलामा ०.२५ ग्राम प्रति लिटर पानीको झोलमा बीउलाई ३० मिनेटसम्म डुबाएर बीउ उपचार गरेर राख्ने । | |
| ३ | | खैरो थोप्ले रोग (Brown leaf spot disease) | पात वा धानका गेडामा स-साना गोलाकार वा लाम्चिला खैरो थोप्लाहरू देखिन्छन् । | - बेभिष्टिन वा डेरोसाल २-३ ग्राम प्रति किलोग्राम बीउका दरले बीउ उपचार गरी ब्याड राख्ने ।<br>- सिंचाई भएकी ठाउँमा चैत्र महिनाको शुरुमा नै सिफारिस गरिएका उन्नत जातका धानहरू रोप्ने ।<br>- मेन्कोजेब ७५ प्रतिशत डब्लु पि (डाइथेन एम-४५) बिषादी ३ ग्राम प्रति लिटर वा Propineb 70% WP बजारमा पाइने नाम : (Antracol, Ki Antra, Antragold) ३ ग्राम प्रति लिटर पानीको दरले मिसाइ १५ दिनको फरकमा ३ पटक छर्कने । | |
| ४ | | फेद कुहिने रोग (Foot rot) | खेतमा रोगी बिरुवा अग्लो नहुने, पहेंलिने र अन्तमा फेद कुहिएर मर्दछन् तल्लो आँख्लाहरूबाट जरा निस्कन्छन् । | -रोगी बोट भएको खेतबाट बीउ संकलन नगर्ने ।<br>- कार्वेन्डाजिम ५० प्रतिशत डब्लुपी (बेभिष्टिन वा डेरोसाल) ढूसीनाशक बिषादी २ ग्राम प्रति किलो बीउका दरले उपचार गरी ब्याड राख्ने ।<br>- रोग ग्रस्त बोटहरू उखेलेर नष्ट गर्ने । | |
| ५ | | पातको फेद डढुवा रोग (Sheath blight) | पातको फेदमा अण्डाकार खैरा थोप्लाहरू भए पछि आकारमा बृद्धि हुँदैजान्छ र ढूसीको कालो गिर्खाहरू ९क्अभिचयतष्वए० देखापर्दछ । बोटको माथिल्लो भागमा समेत पुग्छ र सुकेर डढेको जस्तो देखिन्छ । | - नाइट्रोजन मल सिफारिस मात्रामा भन्दा बढी प्रयोग नगर्ने ।<br>- उन्नत जातको धान रोप्दा बोटदेखि बोटको दूरी बढाउने ।<br>- Validamycin 3%L बजारमा उपलब्ध नाम (Sheathmar, Valigan, Ozoro) ३ ग्राम प्रति लिटर वा Pencycuron 22.9 SC (Monceren 250) १.५ मि.लि. प्रति लिटर पानीमा वा कार्वेन्डाजिम ५० प्रतिशत डब्लु.पी (बेभिष्टिन वा डेरोसाल) ढूसीनाशक बिषादी १.५ ग्राम प्रतिलिटर पानीको दरले मिसाई १०-१२ दिनको फरकमा २ पटक छर्ने । | |
| ६ | | खैरा रोग (Khaira disease) | यो रोग जिंकको कमी भएमा देखा पर्दछ । रोगी बोटको फेदतिरको पात पहेंलिएर जान्छ । पातमा खैरा थोप्लाहरू पनि देखिन्छन् । थोप्लाहरू बढेर पूरै पात खैरो वा रातो हुन्छ । बोटमा गाँज थपिने र बढ्ने क्रम रोकिन्छ | - धान र अन्यबालीको घुम्ती बाली लगाउने ।<br>- लक्षण देखा परेपछि २० ग्राम जिंक सल्फेट र १२५ ग्राम चून ५० लिटर पानीमा मिसाई प्रति रोपनीका दरले १० दिनको फरकमा २ पटक छर्कने ।<br>- नाइट्रोजन र फस्फोरस मल सिफारिस मात्रा भन्दा बढी प्रयोग नगर्ने ।<br>- लक्षण देखिएमा केही दिनसम्म खेतमा पानी सुकाउने । | |
| ७ | | पातमा लाग्ने डढुवा (Leaf blight) | पातमा ठूला लाम्चिला आँखा आकारका खैरा दागहरू देखा पर्दछन् । पछि ती थोप्लाहरू एक आपसमा जोडिई पात सुकाई दिन्छन् । | - स्वस्थ बीउको प्रयोग गर्ने ।<br>- रोग अबरोधक जातहरू : मनकामना-३, गणेश-१, गणेश-२ लगाउने ।<br>- कार्वेन्डाजिम ५० % डब्लु.पी (बेभिष्टिन) ढुसीनासक बिषादी २ ग्राम प्रति किलो बीउका दरले बीउ उपचार गरी बीउ रोप्ने । | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
कृषि निर्देशनालय
जिल्ला कृषि विकास कार्यालय
दोलखा

बरिष्ठ कृषि विकास अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| २ | मकै maize | घोगा कुहिने (Ear rot) | घोगाको टुप्पोबाट रातो वा गुलाफी रङ्ग भई कुहिन थाल्दछ । कुनै बेला घोगाको फेदबाट पनि कुहिने गर्दछ । | - रोग अवरोधक जातहरू : गणेश-२, मनकामना-१, लगाउने ।<br>- स्वस्थ्य घोगाहरू छनोट गरी बीउ राख्ने ।<br>- कार्वेन्डाजिम ५० % डब्लु.पी (बेभिष्टिन) ढुसीनासक विषादी २ ग्राम प्रति किलो बीउका दरले बीउ उपचार गरी बीउ रोप्ने । | |
| ३ | | कालो पोके (Head smut) | धान चमरा कालो भई लट्टा परेको जस्तो देखिन्छ । घोगामा दानाको सट्टा कालो बीजाणुको धूलोले भरिएको हुन्छ । | - स्वस्थ बीउको प्रयोग गर्ने ।<br>- बारीमा कालोपोके रोग देख्ने बित्तिकै जम्मा गरी नष्ट गर्ने ।<br>- धेरै रोग आउने क्षेत्रमा कार्वेन्डाजिम ५० % डब्लु.पी (वेभिष्टिन) २ ग्राम प्रति के.जी. बीउको दरले उपचार गरी रोप्ने । | |
| ४ | | डाँठ कुहिने (Stalk rot) | जमिन भन्दा माथि डाँठको दोश्रो आँख्ला नजिकैको भित्री भागको गुदीको रङ्ग बदलिन्छ र डाँठ कुहिन गई बोट ढल्दछ । | - सिफारिस मात्रामा मल प्रयोग गर्ने ।<br>- रोगको जीवाणु गभारोबाट सर्ने हुँदा उक्त गभारो नियन्त्रण गर्न कार्वोफ्युरान (फ्यूराडन ३%) विषादी प्रयोग गर्ने । | |
| ५ | | डाउनी मिल्ड्यु (Downy mildew) | पातहरू पहेंलिएर सानो हुने र पातमा धर्साहरू देखिन्छ । | - स्वस्थ बीउको प्रयोग गर्ने ।<br>- रोग अवरोधक जातहरू रामपुर २, रामपुर कम्पोजिट लगाउने ।<br>- मेन्कोजेव ७५% डब्लु पि (डाइथेन एम-४५) विषादी ३ ग्राम प्रति लिटर वा मेटालेक्सील ८ प्रतिशत मेन्कोजेव ६४ प्रतिशत (क्रिनोक्सील गोल्ड, रिडोमिल एमजेड, टयागमील) २ ग्राम प्रति लिटर पानीमा मिसाई छर्ने | |
| ६ | | ध्वासे थेग्ले रोग (Gray Leaf spot) | धान चमरा निस्किने बेलामा फेद नजिकका पातमा शुरुमा स-साना पहेला वा खैरा दाग बनाउँछ र दुइ तीन हप्ताभित्र नसासँग समान अन्तरमा लाम्चिला धर्साहरुमा परिवर्तन हुन्छ । थेग्लाहरु जोडिदै गई पुरै पात ध्वस्त हुन्छ । पातबाट डाँठ, घोगाको खोस्टा पनि लाग्छ । घोगाहरु साना, हलुका, थोते, टेडा हुने हुन्छ । | - गणेश १, मनकामना ३, मनकामना १, हिलपुल पहेलो र देउती जातका रोग सहन सक्ने जात लगाउने ।<br>- मकै छिटो रोप्ने र पातलो रोप्ने । घुम्ती बाली अपनाउने ।<br>- रोगी बोटका अवशेष जलाउने, रोगको लक्षण देखिनासाथ पात हटाउने । सन्तुलित मलखाद प्रयोग गर्ने ।<br>- ढुसीनासक विषादी वेभिष्टीन वा वेनोफेट १ ग्राम अथवा डाइथेन एम ४५ वा साफ २ ग्राम प्रति लिटर पानीको दरले छर्ने । | |
| १ | गहुं wheat | डढुवा रोग (Leaf blight) | साना खैरो रङ्गको थोप्लाहरू पातमा देखिछन् । पछि ती थोप्लाहरू बढ्छन् र एक आपसमा जोडिई पात सुकेको वा डढेको जस्तो देखिन्छ । | - भाइटाभेक्स-२००, दुइ ग्राम प्रति किलोका दरले बीउ उपचार गर्ने ।<br>- पोटास मलको प्रयोग गर्ने ।<br>- ठिक समयमा गहुं छर्ने । | |
| २ | | खैरो सिन्दुरे (Brown rust) | पातको माथिल्लो सतहमा सुन्तला रङ्गका फोकाहरू देखिन थाल्दछन् । ती फोकाहरू छुट्टाछुट्टै रहेका हुन्छन् । | - रोग अवरोधक जातहरू लगाउने ।<br>- सिफारिस गरिए अनुसार मलखादको प्रयोग गर्ने, ठीक समयमा गहुं छर्ने<br>- गहुंको बोट ठूलो भएमा म्यान्कोजेव ७५ डब्लु.पि. (डाइथेन एम-४५) नामक विषादी १.५-२ के.जी. प्रति हे. ७५० लिटर पानीमा मिसाई १५ दिनको अन्तरमा २-३ पटक छर्कने । अथवा<br>- Propiconazole 25% EC (Bonus, Bumper, Tilt 25) ०.७५ मि.ली. (ML) प्रति लीटर पानीका दरले मिसाई छर्ने । | |
| ३ | | पहेंलो सिन्दुरे (Yellow rust) | पातको माथिल्लो सतहमा पहेंला, लाम्चिला फोकाहरू एक अर्कासंग मिली धर्सा परेर रहेका हुन्छन् । पात पहेलो भएर जान्छ । | - रोग अवरोधक जातहरू जस्तै : डब्लु के १२०४, पासाङ्गल्हामु, लगाउने र ठीक समयमा गहुं छर्ने । सिफारिर गरिए अनुसार रासायनिक मल प्रयोग गर्ने ।<br>- माथि खैरो सिन्दुरे जस्तै बिषादी प्रयोग गर्ने । | |
| ४ | | कालो पोके (Loose smut) | बालामा दाना लाग्नुको सट्टा कालो ढूसीको जिवाणुले भरिएको हुन्छ । | - स्वस्थ बीउको प्रयोग गर्ने ।<br>- भाइटाभेक्स-२०० विषादी २ ग्राम प्रति किलो गहुंको बीउका दरले बीउ उपचार गरी छर्ने ।<br>- रोग लागेको बालाबाट धूलो नझर्दै उखेलेर खाल्डोमा गाड्ने अथवा जलाई दिने ।<br>- अन्नपूर्ण-४ जातको गहुंमा यो रोग कम लाग्ने हुँदा यो जात लगाउने । | |

नेपाल सरकार, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, कृषि विभाग, प्रदेश कृषि निर्देशनालय, जिल्ला कृषि विकास कार्यालय, दोलखा

बरिष्ठ कृषि बिकास अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | | गन्हाउने कालो पोके (Stinking smut or hill bunt) | रोगी दानाहरू गोलाकार हुन्छन् र कालो रङ्गको रोगको जीवाणुहरूले भरिएका हुन्छन् । ती जीवाणुहरू दाना फुटाएर बाहिर झर्दछन् । नजिकबाट सुँघ्दा माछा कुहिएको जस्तो गन्ध आउँछ | - दुई तीन वर्षसम्म घुम्ती बाली लगाउने वा गहुँ नै नलगाउने । <br> - भाईटाभेक्स-२०० बिषादी २ ग्राम प्रति किलो गहुँको बीउका दरले बीउ उपचार गरी छर्ने । <br> - स्वस्थ बीउको प्रयोग गर्ने । | |
| **आलु बालीमा लाग्ने मुख्य रोगहरु :** | | | | | |
| १ | आलु Potato | डढुवा रोग (Leaf blight) | पातको टुप्पा वा किनारमा सानो खैरो भिजेको जस्तो दाग देखापर्दछ । जुन चाँडै बढ्छ र दागको पछाडि हेर्दा सेतो भुवा जस्तो ढुसी देखिन्छ । यो रोग डाँठ र दानामा पनि लाग्दछ पछि पूरै बोट सुकेर डढेको जस्तो देखिन्छ । | - रोग देखिने बित्तिकै डाईथेन एम-४५, बिषादी २-३ ग्राम प्रति लीटर पानीको दरले ७ दिनको फरकमा ३ देखि ४ पटक छर्ने । <br> - रोग धेरै बढेमा मेटाल्याक्सिल ८५, म्यान्कोजेव ६४५ डब्लु.पी. (रिजेमिल ७२५ डब्लु.पी. वा क्रिनोक्सील गोल्ड ७२५ डब्लुपी.) १.५ ग्राम प्रति लीटर पानीमा राखी छर्ने । <br> - रोग कम लाग्ने वा रोग अबरोधक जातहरू लगाउने । <br> - खेतबारी सरसफाई गर्ने, नाभो हटाउने, स्वस्थ बीउ प्रयोग गरी आलु खेती गर्ने । | |
| २ | | ऐजेरु (Wart disease) | आलुको दानाको आँखाहरूमा स-साना सेता खटिराहरू जस्ता लक्षण देखिन्छन् । जुन पछि बिस्तारै बढेर काउली जस्तो फुक्क भई पूरा दानालाई नै घेरी आलुको आकार बिग्रिन्छ । त्यस्तो आलु पछि कालो हुँदै जान्छ र कुहिन्छ । | - रोग लागेको जग्गाबाट उत्पादित बीउ नरोप्ने । <br> - रोग लागेको जग्गामा आलु नरोप्ने । | |
| ३ | | ओइलाउने वा खैरो पिप चक्के रोग (Brown rot) | बोट एक्कासी पानी नभएको जमिनमा उम्रे जस्तो ओइलाएर मर्न थाल्दछ । रोगी दाना काट्दा नशा वरिपरी खैरो चक्का हुने र पिप जस्तो निस्कन्छ । | - रोग लागेको बारीबाट उत्पादित बीउ नरोप्ने । <br> - रोग ग्रस्त क्षेत्रमा अन्न बालीसँग घुम्ती बाली लगाउनु पर्दछ । <br> - रोग लागेको बोट वा दाना जम्मा गरी जलाउनु पर्छ । वा गहिरो खाडल खनी पुर्नु पर्छ । | |
| ४ | | दादे रोग (Common scab) | आलुको सतहमा केही उठेका अथवा खाडल परेका दादहरू देखा पर्दछन् । | - रोग रहित स्वस्थ्य आलु रोप्ने । <br> - रोग ग्रस्त क्षेत्रमा घुम्ती बाली लगाउने । <br> - आलु बढ्ने बेलामा माटोमा चिस्यान कायम राख्ने । <br> - रोगी आलु नष्ट गर्ने । | |
| **तरकारी बालीमा लाग्ने रोग तथा तिनको रोकथामको उपायहरु :** | | | | | |
| १ | कुकुरबिट समूहको सबै बाली | अल्टरनेरिया थोप्ले (Altenaria Leaf Spot) | खैरो वा कालो स-साना गोलाकार थोप्लाहरू पहिले पातमा देखा पर्दछन् । ती थोप्लामा पछि चक्का विकास हुन्छ । त्यस्ता थोप्लाहरू डाँठ र कोसामा समेत देखा पर्छन् । | - रोगी पात र अन्य झारपात बटुलेर जलाउने । <br> - स्वस्थ बीउ प्रयोग गर्ने । <br> - Mancozeb 75 %WP (डाईथेन एम-४५, Anu M-45) ढसीनाशक बिषादी ३ ग्राम प्रति किलो बीउका दरले बीउ उपचार गर्ने । <br> - Mancozeb 75 %WP (डाईथेन एम-४५, Anu M-45), Copper oxychloride 50%WP (Blitox, Curex) ढसीनाशक विषादी २-३ ग्राम प्रति लिटर छर्ने । | |
| २ | | डाँठ कुहिने रोग (Sclerotinia Rot) | माटोको सतहनिरको काउलीको डाँठ कुहिन्छ र सेतो ढुसी उम्रेको देखिन्छ वा फूल फुलेको बेलामा बोट ओइलाउँछ । बोटको डुकुको रङ्ग सेतो फुस्रो हुनुका साथै डाँठभित्र काला गिर्खाहरू देखिन्छन् । | - रोग मुक्त क्षेत्रको बीउ प्रयोग गर्ने । <br> - रोगी बोटहरूको डाँठ बटुलेर जलाउने । <br> - तीनहप्तादेखि एक महिनासम्म रोग ग्रस्त जमिनमा बाली लगाउनु अगाडि पानी जमाउने । <br> - धानसँग घुम्ती बाली लगाउने । <br> - जमिन तयार गर्दा गहिरो खनजोत गर्ने । | |
| ३ | | नसा कालो भई कुहिने (Black rot) | पातको छेउबाट लक्षण शुरु भई अंग्रेजी भी ९,ख० आकारको पहेंलो लक्षण देखा पर्दछ र पछि नसाहरू कालो भै डाँठसम्म पुगी बोट कुहिन्छ । | - रोग नलागेको क्षेत्रको स्वस्थ बीउ मात्र प्रयोग गर्ने । <br> - रोगी बोट बिरुवा हटाई नष्ट गर्ने । <br> - कुसिफेरी परिवार बाहेक अन्य बालीसँग घुम्ती बाली लगाउने । | कुसिफेरी समूह भनेको काउली,बन्दा, ब्रोकाउली,मूला, रायो, तोरी आदी । |

नेपाल सरकार ... कृषि विभाग ... निर्देशनालय, जिल्ला कृषि विकास कार्यालय

...रिष्ठ कृषि विकास अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | | डाउनी मिल्ड्यू (Downy mildew) | पातमा स-साना प्याजी रङ्गका थोप्लाहरू देखिई तल्लो सतहमा सेतो ढूसी उम्रेको देखिन्छ रोग ज्यादा व्याडमा लाग्ने भएतापनि अनुकूल वातावरणमा काउली समेत कालो भई सुक्दछ । त्यस्तो फूलको डाँठहरू समेत कालो हुन्छ । | - बीउलाई कार्बेन्डाजिम 50%WP (डेरोसाल० ले उपचार गरेर मात्र व्याड राख्ने<br>- व्याड गर्दा धेरै बाक्लो नराख्ने ।<br>- रोगी पातहरू र झारहरू बटुलेर नास गर्ने ।<br>- धेरै रोग लागेको खेतमा घुम्ती बाली लगाउने ।<br>- Mancozeb 75 %WP वा Copper oxychloride 50%WP –(Blitox, Curex) ढसीनाशक विषादी २-३ ग्राम प्रति लिटर छर्ने | |
| ५ | | टर्निप मोज्याक भाइरस (Turnip mosaic) | पातमा गाढा हरियो र हल्का हरियो रङ्गको छिरबिरे लक्षण देखा परि गाढा हरियो भागहरू माथि उठेका देखिन्छन् । | - रोगी बोट देखा पर्नासाथ उखेली जलाउने ।<br>- रोग सार्ने लाही कीरा नष्ट गर्ने ।<br>- रातो जातको रायोमा यो रोग कम लाग्दछ । | |
| ६ | | क्लब रुट (गदा जस्तो जरा हुने) (Club Root) | - बिरुवाको वृद्धि रोकिन्छ, पहेलिन्छ, बढ्न सक्दैन ।<br>- यस्ता बिरुवा उखेलेर हेरेमा जरा गदा जस्तो डल्लो परेको आकार देखिन्छ । जरा बाक्लो, मोटो र ठूलो हुनाले जराको तलको भाग अत्यधिक ठूलो हुन जान्छ । तर फेद जरा (जमिन माथिको भाग) सामान्य हुने हुनाले जरा गदा जस्तो देखिन्छ । यसरी वृद्धि भएका जराहरू कुहिएर काला भएर जान्छन् । | - घुम्ती बाली लगाउने (३-४ वर्षमा मात्रै फूल कोबी वर्गका तरकारी लगाउने )<br>- रोगी बोट जलाई दिने वा गाडी दिने ।<br>- बेनोमाइल 50% WP (Benofit) विषादी ०.५ ग्राम. को दरले प्रति लिटर पानीमा मिसाई माटो भिज्ने गरी छर्ने ।<br>- यो रोग कम पि.एच. भएको (अम्लिय) माटोमा धेरै छिटो फैलने भएकोले कृषि चून प्रयोग गरी माटोको पि.एच.७.२ भन्दा बढी बनाउने ।<br>- जीवाणु रहित•नर्सरीमा बेर्ना हुर्काउने ।<br>- रोग लागेको ठाउँको बेर्ना अन्य ठाउँमा लैजान रोक लगाउने ।<br>- Flusulphmide 0.3 %WP (नेभिजिन) १०-१५ केजी/रोपनी वा ३ ग्राम प्रति बोट । नर्सरी व्याडमा ३ केजी प्रति १० घन मीटर माटो उपचार गर्ने । | |
| काँक्रो फर्सि बालीमा लाग्ने रोगहरू | | | | | |
| १ | कुकुरबिट समूहको सबै बाली | पाउडरी मिल्ड्यू (Powdery Mildew) | पातमा सेतो खरानी छरेको जस्तो लक्षण देखा पर्दछ र ज्यादा प्रकोप भएमा डाँठमा समेत सो लक्षण देखापरी पातहरू सुक्न थाल्दछन् । | - खेतबारी सफा राख्न रोग लागेको पातहरू र झारहरू नष्ट गर्ने ।<br>- दुई भाग चून र एक भाग गन्धकको धूलो मिसाएर राम्ररी छर्ने । अथवा Dinocap 48% EC (क्याराथेन) 0.5-1 मी.ली प्रतिलीटर पानीमा मिसाएर पातहरू राम्ररी भिज्ने गरी छर्कने । अथवा Carbendazim 50% WP (Bavistin, Dhanustin, Derosal) १ ग्राम प्रति लीटर पानी अथवा Sulphur 80% WP (Sulfex, Sulphur, Sulphil) २.५ ग्राम प्रति लीटर पानीमा अथवा थायोयानेट मिथाइल ७०% डब्लुपी (Control, Hexastop, Kingsin-M) १.५ ग्राम प्रति लीटर पानीमा राखी छर्कने । | |
| २ | | डाउनी मिल्ड्यू (Downy Mildew) | यो रोगको प्रकोप काँक्रोमा धेरै देखा पर्दछ । पातमा हल्का खैरो रङ्गको कुनापरेका थोप्लाहरू देखापर्दछन् । पातको तल्लो सतहमा ढूसी उम्रेको देखिन्छ । पातहरू छिट्टै सुकाई बो | - रोगरहित क्षेत्रको स्वस्थ बीउ मात्र प्रयोग गर्ने ।<br>- उपचारित बीउबाट मात्र उत्पादित बेर्ना रोप्ने ।<br>- रोगी बोट र अन्य झारपातहरू उचित तरीकाले नष्ट गर्ने ।<br>- Thiram 75%WS २ ग्राम प्रति किलोको दरले बीउ उपचार गर्ने ।<br>- फल नलागेको अवस्थामा भए कपर अक्सिक्लोराइड ५० WP (ब्लाईटक्स, Curex) विषादी २-३ ग्राम प्रति लीटर पानीका दरले मिसाई छर्कने । अथवा<br>Mancozeb 75%WP (Dithane M 45, Indofil M 45, Surya M 45) २ ग्राम अथवा Carbendazim 50% WP (Bavistin, Dhanustin, Derosal) १ ग्राम प्रति लीटर पानीका दरले मिसाई छर्कने । | |
| ३ | | कुकम्बर मोज्याक र स्क्वास मोज्याक भाइरस (Mosaic Virus) | पातमा हरियो र फिका पहेंलो छिरबिरे लक्षण देखापरी बोट बढ्न सक्दैन । प्रकोप धेरै भएमा बोटका टुप्पाहरूमा गुज्मुजिएको लक्षण देखा पर्दछ | - रोगी बोट देखा पर्ना साथ उखेलेर नाश गर्ने ।<br>- स्वस्थ बीउ रोप्ने ।<br>- रोग सार्ने खपटे कीरा र लाही कीराको नियन्त्रण गर्ने । | |
| गोलभेडा, खुर्सानी, भण्टा बर्गमा लाग्ने रोगहरू : | | | | | |

नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विभाग, प्रदेशीय कृषि निर्देशनालय, जिल्ला कृषि विकास कार्यालय, दोलखा

बरिष्ठ कृषि विकास अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| १ | सोलेनेसी परिवारका सबै बाली | डढुवा रोग (Blight) | पातमा डढेको जस्तो लक्षण देखिन्छ । शुरुमा पानीले भिजेको जस्तो हल्का खैरो हुन्छ र गाढा खैरो वा कालो रङ्गमा परिणत हुन्छ । अनुकूल वातावरणमा त्यस्ता थोप्लाहरूको वृद्धि भई बोटलाई डढाइ दिन्छ । ओसिलो अवस्थामा पातको तल्लो सतहमा सेतो ढुसी देखिन्छ र फलमा खैरा कालो दागहरू देखा पर्दछन् । | - रोग लागेको बोट, पुराना बोटहरू र झार पात बटुली जलाउने र खेतबारी सफा सुग्घर राख्ने ।<br>- रोग शुरु हुने बेलादेखि कपर अक्सिक्लोराइड (ब्लाइटक्स ५० बिषादी १.५ ग्राम र मेन्कोजेव ७५ (डाइथेन एम-४५ बिषादी १.५ ग्राम मिलाई जम्मा ३ ग्राम प्रतिलीटर पानीमा मिसाएर ७-१० दिनको फरकमा ३-४ पटक बोट राम्ररी भिजिने गरी छर्कने । अथवा Chlorothalonil 75% WP (Diffence, Kaavach, Protector) १.५ ग्राम अथवा Propineb 70% WP (Antracol, Antragold, Ki Antra) ३ ग्राम प्रतिलीटर पानीमा मिसाएर छर्कने।<br>- Dimethomorph 50% WP (Kingstival, N-Bat, Real Bat) १.५ ग्राम वा Fenamidon 10% +Mancozeb 50% WG (Ki Ten, Sectin) ३ ग्राम प्रतिलीटर पानीमा मिसाएर छर्कने ।<br>- Cymoxanil 8% +Mancozeb 64% WP (Kingmill 72, Moximate) २ ग्राम वा Metalaxyl 8% + Mancozeb 64% WP (Ridomyl, Kingmill MZ, Krinoxyl gold) २ ग्राम प्रतिलीटर पानीमा मिसाएर छर्ने । | |
| २ | | टोमाटो मोज्याक भाइरस (Mosaic Virus) | साधारण पातको हरियोपन भन्दा बेग्लै हरिया र हल्का हरिया भागहरूमा छिरबिरे लक्षण देखापर्दछ । त्यस्ता पातहरूमा खाल्डा खुल्डी परेको समेत देखिन सक्छ । बोटबेर्नाको वृद्धि राम्रोसँग हुँदैन र फल कम लाग्छ । | - स्वस्थ बोटमा फलेका फलबाट मात्र बीउ छान्ने ।<br>- रोगी बोट हटाई नष्ट गर्ने ।<br>- रोगी बोट छोएर हात राम्ररी नधोई स्वस्थ बोटलाई नछुने । | |
| ३ | | डढुवा (Phomopsis Blight) | बेर्नामा डाँठ कुहिएको लक्षण देखा पर्छ भने पातमा गोलो खैरा थोप्लाहरू देखिइ बीच भागमा केही फिक्कापन देखिन्छ । मसिना काला काला पिनको टाउको जस्ता दागहरू हुन्छन् । त्यस्तै फलमा चक्का परेको ठूलठूला थोप्लाहरूको विकास भई कालो मसिना गिर्खाहरू देखिइ फललाई कुहाइ दिन्छ । | - स्वस्थ बीउमात्र प्रयोग गर्ने ।<br>- कार्बेन्डाजिम (वेभिष्टिन, Derosal, Dhanustin) २ ग्राम प्रति किलोको दरले बीउ उपचार गरेर मात्र बेर्ना राख्ने ।<br>- Mancozeb 75%WP (Dithane M 45, Indofil M 45, Surya M 45) अथवा कपर अक्सिक्लोराइड ( ब्लाइटक्स, Curex), २-३ ग्राम प्रति लीटर पानीका दरले मिसाई छर्कने ।<br>- घुम्ती बाली लगाउने । | |
| ४ | | ओइलाउने रोग (Wilt) | बोटहरू सर्लक्क ओइलाएको देखिन्छ । त्यस्ता बोटलाई काटेर सफा पानीमा डाँठ डुबायो भने सेतो शांकाणु निस्केर पानीमा घोलिन्छ र धमिलो बन्छ । | - सोलानेसी परिवारको बाहेक अन्य बाली संग घुम्ती बाली लगाउने ।<br>- रोग अवरोधक जातहरू लगाउने । | |
| ५ | | जरामा गाँठा पर्ने रोग (Root Knot Nematode | बोट सानो र ख्याउटे भई बढ्न सक्दैन र पातहरू पहेंलिएर झर्न थाल्छ । त्यस्ता बोटको जरामा साना गिर्खाहरू बनेका हुन्छन् जसले गर्दा पछि बोट ओइलाउँछ । | - अन्न बालीसँग घुम्ती बाली अपनाउने ।<br>- खेतको खनजोत गहिरोसँग गर्ने ।<br>- मुख्य बालीसँग सूर्यमूखी, सयपत्री जस्ता फूलको बोटहरू रोप्ने ।<br>- रोगी बोटहरू उचित तरीकाले नष्ट गर्ने । | |
| ६ | | कोत्रे रोग (Anthracnose) | बोटको टुप्पा माथिबाट सुक्दै आउँछ । यसले गर्दा पूरै हाँगा वा बोट सुकेर मर्दछ । बोटको डाँठहरूमा काला काला स-साना गिर्खाहरू देखिन्छन् । खुर्सानीको फलमा खास गरी रातो हुने बेलामा दागहरू देखिई पछि फल कुहिन्छ । त्यस्ता दागहरूमा थुप्रै काला गिर्खाहरू बन्दछन् । | - रोगी बोटको फलबाट बीउ नराख्ने ।<br>- क्याप्टान विषादीले बीउ उपचार गर्ने<br>- खेतमा सफा सुग्घर राख्न रोग लागेका पुराना बोटहरू र झारपातहरू बटुलेर जलाउने ।<br>- रोगको लक्षण देखा पर्नासाथ कपर अक्सीक्लोराइड ५०५ WP (ब्लाइटक्स) वा मेन्कोजेव ७५५ WP (डाइथेन एम-४५) ३ ग्राम प्रति लीटर पानीमा मिसाएर ७-७ दिनको फरकमा ३ पटक छर्कने । अथवा Chlorothalonil 75% WP (Diffence, Kaavach, Protector) २ ग्राम अथवा Captan 50% WP (Captan, Captra) ३ ग्राम प्रति लीटर पानीमा मिसाएर छर्कने । | |

सिमी तथा कराउ बालीमा लाग्ने रोगहरु :

वरिष्ठ कृषि विकास अधिकृत

नेपाल सरकार भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्रालय कृषि विभाग ... कृषि निर्देशनालय, ... जिल्ला कृषि विकास कार्यालय दोलखा

| | | | | | |
|---|---|---|---|---|---|
| १ | | सिन्दुरे रोग (Rust) | शुरुमा पातमा मसिना झण्डै सेता फोकाहरू देखिन्छन् र पछि ती फोकाहरू खैरो रङ्गमा परिणत भई फुटेर धूलो निस्कन्छ । कोसामा पनि यस्ता फोकाहरू देखिन सक्छन । रोग लागेका पातहरू सुकेर बोट चाँडै मर्छ । | - रोगी बोटका भागहरू, ठुटाहरू अनि झारपातहरू बटुलेर जलाई खेतवारी सफा राख्ने ।<br>- बीउ उत्पादन गर्ने बालीमा भए रोग देखा पर्ना साथ गन्धक र चून १:२ भागको अनुपातमा मिसाएर मलमलको कपडामा पोको पारेर छर्ने ।<br>- Sulphur 80% WP (Sulfex, Sulfil) ३ ग्राम प्रति लीटर पानीमा मिसाएर छर्कने । | |
| २ | | धूले ढूसी/खराने (Powdery mildew) | शुरुमा पातहरूमा फिका रङ्गमा बदलिएको भागहरू देखिन्छन् । त्यस्ता भागहरूमा सेतो धूलो छरेको जस्तो ढूसी उम्रेको देखिई पछिबाट सबै भाग ढाकिन्छन् । त्यस्तो लक्षण जरा बाहेक सबै भागमा लाग्दछ । रोग लागेको कोसा भण्डारणमा छिटो कुहिन्छ । | - रोगी बोटहरू बटुलेर जलाउने र खेतवारी सफा सुग्घर राख्ने ।<br>- दुई भाग चून र एक भाग गन्धकको धूलो मिसाएर मलमलको कपडामा पोको पारेर राम्ररी छर्ने । अथवा Dinocap 48% EC (क्याराथेन) ०.५ (१ मी.ली प्रतिलीटर पानीमा मिसाएर पातहरू राम्ररी भिज्ने गरी छर्कने । अथवा Carbendazim 50% WP (Bavistin, Dhanustin, Derosal) ०.५ (१ ग्राम अथवा Sulphur 80% WP (Sulfex, Sulphur, Sulphil) २.५ ग्राम अथवा थायोफानेट मिथाइल ७०% डब्लुपी (Control, Hexastop, Kingsin-M) १.५ ग्राम प्रति लीटर पानीमा राखी छर्कने । | |
| ३ | | मोज्याक भाइरस (Mosaic virus) | पात पहेंलो, गुजमुज्ज परेको र सानो हुन्छ । | - सम्भव भएसम्म रोग अवरोधक जात लगाउने ।<br>- स्वस्थ बीउ प्रयोग गर्ने ।<br>- रोगी बोट उखलेर नष्ट गर्ने । | |
| ४ | | एन्थ्याकनोज (Anthracnose) | शुरुमा पातमा खैरा थोप्ला देखिन्छन्, पछि गाढा खैरो बन्छ र बीचमा कालो खाल्डो परेको देखिन्छ । यस्ता थोप्लाको चारैतिर खरानी रङ्गको हल्का खैरो देखिन्छ | - क्याप्टान ५०५ WP (धानुटान ) बिषादीले बीउ उपचार गर्ने<br>- रोगको लक्षण देखा पर्नासाथ कपर अक्सीक्लोराइड (ब्लाइटक्स- ५०५ WP) वा मेन्कोजेव (डाइथेन एम-४५, ७५५WP) ,३ ग्राम प्रति लीटर पानीमा मिसाएर ७-७ दिनको फरकमा ३ पटक छर्कने । अथवा Chlorothalonil 75% WP (Diffence, Kaavach, Protector) २ ग्राम अथवा Captan 50% WP (Captan, Captra) ३ ग्राम प्रति लीटर पानीमा मिसाएर छर्कने । | |
| फलफूलमा लाग्ने मुख्य मुख्य रोगहरु र तिनको रोकथामका उपायहरु : | | | | | |
| १ | केरा | ओइलाउने रोग (Wilt) | शुरुमा पुराना पातको किनाराबाट पहेंलिन शुरु भइ मुख्य नशातिर बढ्छ । रोगी पातको भेटनो फुटी तलतिर झुण्डिन्छन् र पात ओइलाउँछ । जमिन छेउका डाँठ ढाक्ने पातहरू लम्बाई पट्टिबाट फाँटछन् । | - रोगी केरालाई उखलेर जलाउने ।<br>- रोगी बोटको पातहरू जलाउने र झागमा चून वा बोर्डेक्स मिक्स्चर छर्ने ।<br>- एकै ठाउंमा केरालाई सकभर ३ बर्ष भन्दा बढी नलगाउने । | |
| २ | | बन्ची टप (Bunchy top) | रोगी पातहरूको आकार साना, पहेला र किनारा माथितिर बटारिएका हुन्छन । रोगी पातमा मसिना हरिया थोप्ला र धब्बा पनि देखिन्छन् । | - रोगी बिरुवा जम्मा गरेर जलाई दिने ।<br>- यो लाही कीराबाट सर्ने रोग भएकाले Dimethoate 30% EC (Rogor, Anugor, Rogohit) १ मिलि प्रति लीटर पानीमा मिसाएर छर्ने ।<br>- बीउको लागि प्रयोग हुने गानाहरू स्वस्थ्य क्षेत्रको बोटबाट मात्र लिने । | |
| ३ | | कोत्रे (Anthracnose) | रोगी फलहरू पहेलिन्छ र बोक्रामा साना र खैरा थोप्ला देखापर्दछ । यि थोप्लाहरू जोडिएर केहि धसेको जस्तो हुन्छन धेरै आक्रमण भएमा फल कालो भई चाउरिन वा सुक्न सक्छ । | - फल र बिरुवालाई चोट पटक लाग्न बाट जोगाउने ।<br>- कपर अक्सिक्लोराइड ३ ग्राम प्रति लीटर पानीको दरले कोसामा छर्ने । | |
| ४ | | गानो कुहिने (Rhizome rot) | गानामा शुरुमा पानीले भिजेको जस्तो खैरा धब्बाहरू देखापर्दछ । पछि ती धव्वाहरूबाट नै कुहिन शुरु हुन्छ । | - स्वस्थ्य ठाउँबाट गानो ल्याई रोप्ने ।<br>- रोगी बोट जलाएर नष्ट गर्ने ।<br>- गानालाई स्ट्रेप्टोमाइसिनमा केही समय डुबाएर रोप्ने । | |
| अमिलो जात फलफूलका मुख्य मुख्य रोग र तिनको रोकथामका उपायहरू : | | | | | |

वरिष्ठ कृषि विकास अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| १ | सुन्तला, जुनार, कागती, निबुवा, भोगटे, ज्यमिर,मुन्तला आदी । | १.क्याङकर (Canker) | पात, डाँठ र फलमा सुरुमा बाटुलो पछि वेआकारका केही उठेको काठ जस्तो र पहेंलो घेरा भएका हाँगाहरू देखा पर्दछन् । | - बगैंचा सफा राख्ने ।<br>- हिउँदमा बोटका मरेका हाँगा विंगाहरू काँटछाँट गरी हटाउने । कपर अक्सिक्लोराइड (व्लाइटक्स ५० डव्लुपी.) [illegible] ग्राम प्रति लीटर भोल काँटछाँट पछि छर्कने र फेद वरिपरी सफा पारी १ देखि १.५ हात सम्म वोर्डो पेष्टले लिपी दिने ।<br>- वर्षा सुरु हुनु अगावै नयाँ पालुवा आउन लागेको बेलामा एक पटक र वर्षा याममा २-३ पटक वोर्डोमिश्रण छर्ने । (**बोर्डोमिश्रण बनाउने तरिका : १० ग्राम निलोतुथो, १० ग्राम बिजुली चुना १ लीटर पानीका दरले**) आवश्यकता अनुसार बनाउने । | नोट: बोर्डोमिश्रण [illegible] धातुको भाँडा प्रयोग गर्नु हुदैन । प्लाष्टीक वा माटाको भाडा प्रयोग गर्ने । |
| २ | | कालो ध्वाँसे (Shooty mould) | पात, डाँठ र फलमा कालो ध्वाँसो जस्तो तहले ढाक्दछ । | - बोटहरू सफा राख्ने ।<br>- कीराको प्रकोपले यो रोग लाग्ने हुँदा शुरुमा ती कीरा नियन्त्रण गर्ने ।<br>- अन्य रोग नियन्त्रणको लागि प्रयोग गरिएको ढुसीनाशकले यसलाई पनि नियन्त्रण गर्दछ । | |
| ३ | | कोत्रे (Anthracnose) | स-साना काला दागहरू डाँठ र पातमा देखा पर्दछन् । | - रोगी हाँगाबिंगा काटेर नष्ट गर्ने ।<br>- वर्षा याममा रोग वढ्ने हुँदा २-३ पटक १ दिनको फरकमा र हिउँदमा काँटछाँट पछि १ प्रतिशतको वोर्डोमिश्रण वा कपर अक्सिक्लोराइड (व्लाइटक्स ५०५ डब्लु.पी.) ३ ग्राम प्रति लीटरको भोल छर्कने । | |
| ४ | | जरा कुहिने (Root rot) | पातहरू पहेंलो भई मर्दै जान्छ र टुप्पाबाट वोट सुक्दै सुक्दै जान्छ । | - निकासको राम्रो प्रबन्ध मिलाउने ।<br>- तीनपाते (जंगली सुन्तला) मा कलमी गरेको विरुवा लगाउने ।<br>- खनजोत गर्दा जरामा चोट नपुऱ्याउने ।<br>- माघ महिना तिर रोगी बोटको जरानिरको माटो हटाई कुहिएको जरा हटाउने र करीब १-२ हप्ता जरालाई खुल्ला छाडी सम्भव भए खरानी र राम्रो पाकेको मल माटोमा मिसाई जरा पुर्ने । रोगी बोटको फेद वरिपरि राम्ररी भिज्ने गरी बोर्डो मिश्रण (१ प्रतिशत) वा म्यान्कोजेव (इन्डोफिल एम-४५ डब्लु.पी.) वा कपर अक्सिक्लोराईड (ब्लाइटक्स-५० डब्लु.पी.) या कार्वेन्डाजिम (डेरोसाल) २ ग्राम प्रति लीटर पानीमा मिसाई ड्रेन्च गर्ने साथै कार्वेन्डाजिम (डेरोसाल ५०५ डब्लु.पी.) २ ग्राम प्रति लीटर पानीमा मिसाई पुरा बोट भिज्ने गरी छर्ने र १ दिनपछि फेरी एक पटक कार्वेन्डाजिम (डेरोसाल ५०५ डब्लु.पी.) छर्ने ।<br>- वर्षात शुरु हुन थालेपछि माथि उल्लेख गरे वमोजिमको विषादी ड्रेन्च गर्ने र बिरुवामा पनि छर्ने । | |
| ५ | | फेद कुहिने (Stalk rot) | फेद वरिपरि बोक्रा चर्किने कहिले सुख्खा हुने भर्ने र भित्री डाँठ देखा पर्ने गर्दछ । समयमै सावधानी लिईएन भने पात पहेंलो भएर हाँगा सुक्दै जाने गर्दछ । | - रोग सहन सक्ने जात लगाउने ।<br>- तिनपाते (जंगली सुन्तला) मा कलमी गरेको बिरुवा लगाउने ।<br>- सडेको भाग हटाई वोर्डो लेप लगाउने ।<br>- तिनपातेको सहायक जरा दिने ।<br>- हिउंदको समयमा ४:४:५० को बोर्डो मिश्रण बोटमा स्प्रे गर्ने (चुना ४ के.जी., निलोतुथो ४ के.जी. ५० लीटर पानी)<br>- फेदमा कृषि चून छर्ने र खरानी थुपार्ने । | |
| ६ | | गुलावी रोग (Pink disease) | आर्दता बढी भएपछि बोक्रा चर्कने, फुटने र काठ माथि खटिरा निस्कने र सिंदूर रङ्गको धूलो देखिने, बिरुवा मर्दै जाने । | - रोग लागेको भागलाई काटेर जलाउने ।<br>- रोग लागेको भाग खुर्किएर चौबाटियापेष्ट वा वोर्डो लेप लगाउने ।<br>- कार्वेन्डाजिम (डेरोसाल ५०५ डब्लु.पी.), म्यान्कोजेव (इन्डोफिल एम-४५- ७५५ डब्लु.पी.) र वोर्डो मिश्रण पालैपालो छर्ने । | |

बरिष्ठ कृषि विकास अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | | ग्रीनीङ्ग (Citrus greening) | - सुन्तला जात फलफूल (जुनार) का पातहरू पूरै पहेंलो हुने वा पहेंलो पातमा हरियो नशाहरू हुनुको साथै हरिया दागहरू पनि देखिन्छन्<br>- छिप्पिएको पातहरूको बीचको मुख्य नशा असामान्य रुपमा प्रष्ट देखिन्छ । यो अवस्था बिस्तारै बिस्तारै पातका अरु नशाहरूमा सर्दै जान्छ र पात पहेंलिई टुप्पाहरू सुकी अन्तमा बिरुवा नै मर्छ ।<br>- धेरै फूल फुल्नुको साथै बेमौसममा पनि फूल फुल्न सक्छ, दाना सानो हुँदै जाने, दाना एकतर्फी मात्र बढ्ने, असामान्य रुपमा फल झर्ने र कम फल्ने हुन्छ ।<br>- छिप्पिएका फलहरूमा सूर्यतर्फ भएको भाग मात्र पहेलो रङ्गको हुन्छ अर्कोपट्टि हरियो नै रहन्छ<br>- उपरोक्त लक्षणहरू बोटको कुनै एक भाग वा एउटा हाँगामा पनि हुन सक्छ । | - तराई/भित्री मधेश र रोगग्रस्त क्षेत्रबाट ल्याई रोपेका बिरुवाहरूमा यस्ता लक्षणहरू देखापर्नासाथ बोटहरू काटी जलाइ दिने ।<br>- समुन्द्र सतह देखि १३०० मीटरभन्दा कम उचाई भएको ठाउंमा बिरुवा उत्पादन गर्नु हुँदैन साथै त्यहाँबाट बिरुवा ल्याउनु हुँदैन ।<br>- यो रोग सिट्रस सिल्ला कीराले सार्ने भएको हुंदा तालिका बनाई रोगर ३०५ इ.सी. १ एम.एल.प्रति लीटर पानीको दरले प्रयोग गर्नुपर्छ । | |
| **अदुवामा लाग्ने रोग :** | | | | | |
| १ | अदुवा | अदुवा गानो कुहिन (Rhizome rot) | बोटको माथिल्लो पातको टुप्पो पहिलिदै पातको किनार हुदै रोग तलतिर बढदै जान्छ । पछि तल पातसंग जोडिएको ठाउंमा पानीले भिजेको जस्तो भएर गिलो हुन्छ बिरुवा तान्दा सजिलै पातसंग छुट्टिएर आउछ । | - रोगी गाना वा पाना बीउको लागी प्रयोग नगर्ने ।<br>- माटोमा उचित निकासको व्यवस्था मिलाउने ।<br>- घुम्ती बाली चक्र अपनाउने ।<br>- कार्बान्डाजिम ५० ५ डब्लु.पी. ( बेभिष्टिनरडेरोसाल) ले बीउ उपचार गर्ने । | |
| **अलैचीमा लाग्ने मुख्य मुख्य रोगहरु र तिनको रोकथामको उपायहरु :** | | | | | |
| १ | अलैची | फुर्के (Foorke) | रोगी बिरुवाको फेदमा धेरै स साना काण्डहरू निस्कन्छन् र बोटमा फूल फुल्दैन् । बोट होचो हुन्छ । | - बिरुवा बीउबाट उत्पादन गर्ने<br>- रोगी बिरुवा जम्मा गरी जलाउने ।<br>- रोगका बिषाणु सार्ने कीरा मार्न Dimethoate 30% EC (Rogor, Anugor, Rogohit) १ मी.ली प्रति लीटर पानीमा मिसाई छर्कने । | |
| २ | | छिर्के (Chhirke) | शुरुमा पातका मुख्य नशामा पहेला धब्बाहरू देखापरी पातमा फैलिन्छन् पछि पहेला थोप्लाहरू खैरो रङ्ग भई पात सुकेर जान्छ र बोट होचो भई वृद्धि रोकिन्छ । | - बीउबाट उत्पादित बेर्ना लगाउने ।<br>- रोगी बिरुवा जम्मा गरी जलाउने ।<br>- मालाथिन ५०५ ई.सी. १ मि.लि. वा Dimethoate 30% EC (Rogor, Anugor, Rogohit) १ मी.ली प्रति लीटर पानीमा मिसाई छर्कने । | |
| ३ | | जरा तथा गानो कुहिने (Rhizome rot) | बोटको गानो पानीले भिजेको जस्तो गिलो हुन्छ र कालो भएर कुहिन थाल्दछ । बोटको पातहरू टुप्पोबाट पहेंलिदै सुकेर जान्छन् । | - स्वस्थ गाना वा बीउबाट बेर्ना बनाई रोप्ने ।<br>- बोटको गोडमेल गर्दा गानोमा चोटपटक नलाग्ने गरी गर्ने ।<br>- कपर अक्सिक्लोराइड (ब्लाइटक्स ५० डब्लु.पी.) २-३ ग्राम प्रति लीटर पानीमा मिसाई झोल बनाइ गाने भिज्ने गरी ड्रेन्चीङ्ग गर्ने । | |

साभार :कृषि डायरी

वरिष्ठ कृषि विकास अधिकृत